# भीरकोट नगरपालिकाको

# आर्थिक वर्ष २०८३/०८४ को

## नीति तथा कार्यक्रम

नगर सभाका उपाध्यक्षज्यू,

नगर सभाका सचिवज्यू,

सभाका सदस्यज्यूहरु,

उपस्थित कर्मचारी,सुरक्षाकर्मी एवं पत्रकार मित्रहरु,

भीरकोट नगरवासी सम्पूर्ण आदरणीय बुवा,आमा,दाजुभाई तथा दिदीबहिनीहरु ।

विकास निर्माणका लागी नगरवासीहरुका ईच्छा, चाहना र आवश्यकता असिमित छन भने अर्कोतिर हामिसँगभएको सिमित श्रोत र साधनलाई समायोजन गरि अगाडी बढ्नु बाहेकको विकल्प छैन। संघीय सरकार तथा प्रदेश सरकारबाट उपलब्ध गराइने बजेट सिलिङ अनुसार प्राप्त हुनुपर्ने समानीकरण र राजश्व बाँडफाँटको रकम तोकिए वमोजिम प्राप्त नहुनु, नगरपालिकाको आन्तरिक आम्दानीमा समेत लक्ष्य अनुसारको उपलब्धी हासिल गर्न नसकिएकोले चालु आर्थिक वर्षमा पालिकाले अवलम्वन गरेका कतिपय नीति तथा कार्यक्रमहरु कार्यान्यवन लैजान नसकिएको यथार्थताका वावजुद यस आर्थिक वर्षको जेष्ठ मसान्तसम्म हामीले हासिल गरेका महत्वपूर्ण उपलब्धीलाई संक्षिप्त रुपमा यस सभामा प्रस्तुत गर्न अनुमती चाहन्छु ।

क) भीरकोट नगरपालिकाको संघीय समपुरक अनुदान अर्तर्गत संचालित ढापुकफेदी सानोभञ्ज्याङ पर्वत सडकको करिव ५०० मिटर ढलान गर्ने कार्य सम्पन्न भएको छ ।

ख) गण्डकी प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत विरखोला जोगखोला बजादी सडकको स्तरोन्नती कार्य संचालनमा रहेको छ ।

ग) संघीय विशेष अनुदान कार्यक्रम र यस नगरपालिकाबाट समेत आँधिखोलामा ७६० मीटर तटबन्धन गर्ने कार्य सम्पन्न भएको छ ।

घ) प्रदेश विशेष अनुदान, संघीय शशर्त अनुदानबाट आलु र धानको बीउ, मिनि टिलर, फलफूलका विरुवा, मौरीपालन एवं घार वितरण लगायतका कार्यक्रम र बगैंचा व्यवस्थापन तालिमा लगाएतका कार्यक्रम संचालन भएका छन ।

ङ) पशु विकास कार्यक्रम अन्तर्गत मेडिकल उपचार, गोवर परिक्षण, निःशुल्क घुम्ती शिविर, व्यवसायिक गाई भैंसी पालन गर्नेका लागि लागत साझेदारीमा काउम्याट वितरण, कृषक क्षमता विकास तालिम संचालन भएका छन ।

च) नगरपालिका र वडास्तरीय योजनाबाट करिव २६०९ मिटर सडक पि.पि.सी गर्ने कार्य सम्पन्न भएको छ ।

छ) सामाजिक सुरक्षा तथा घटनादर्ता कार्यक्रमबाट तेस्रो चौमासिक अवधि सम्म ४२७२ जनालाई १२,७६,७७,६११ सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत उपलब्ध गराइएको छ ।

ज) रोजगार सीप तथा उद्यमसिलता केन्द्रबाट ६ वटा श्रममुलक आयोजना, ४१ जनालाई बैदेशिक रोजगार कल्याणकारी सेवामा सहयोग, समुदायस्तरमा गहन अभिमुखिकरण कार्यक्रम, सीप विकास तालिम तथा उद्यमशिलता प्रवर्द्धन कार्यक्रम संचालन भएका छन । स्वरोजगार र उद्यमशिलता अभिवृद्धि गर्ने अभिप्रायले संचालित कार्यक्रममध्ये वारिष्ठा तालिमबाट करिव ५० जनाले तालिम प्राप्त गरी लाभान्वित भएका छन ।

झ) यस नगरपालिकाको न्यायिक समितिमा १९ वटा निवेदन दर्ता हुन भएकोमा १५ वटा निवेदनहरुको विवाद समाधान गरी ६ वटा विवादका निवेदनहरु समाधान गर्ने प्रकृयामा रहेका छन ।

ञ) शिक्षा युवा तथा खेलकुद कार्यक्रम अन्तर्गत १० वटा विद्यालयमा पठन सीप विकास कार्यक्रम संचालन गरिएको छ । न्युन विद्यार्थी भएका सामुदायिक विद्यालय समायोजन तथा तह घट गर्ने कार्य सम्पन्न गरिएको र नगरपालिकाबाट कक्षा ६ का विद्यार्थीहरुको लागि दिवा खाजाको व्यवस्था गरिएको छ ।

ट) मेयरसँग जेष्ठ नागरिक कार्यक्रम अन्तर्गत ९ वटै वडाहरुमा स्वास्थ्य शिविर संचालन गरी निःशुल्क औषधी वितरण गरिएको छ । क्षयरोग कार्यक्रम अन्तर्गत एक्सरे शिविर संचालन गरी क्षयरोगी पत्ता लगाइएको छ ।

ठ) यस नगरपालिकाले चालु आर्थीक बर्ष २०८२/८३ मा कुल पूँजिगत शिर्षकमा रु. २०,३९,५०,०००/- विनियोजन भएकोमा हालसम्म रु. ९,६४,३८,१११ खर्च भई ४७.२९% प्रगति हासिल भएको र चालु खर्च तर्फ रु. ४३,७४,१२,१८९ विनियोजन भएकोमा हालसम्म रु. २८,८९,७१,००२ खर्च भई ६६.०६% प्रगति हासिल भएको र नगरपालिकाको हालसम्मको समग्र प्रगति ६१% रहेको छ ।

ड) बालमैत्री कार्यक्रमबाट नियमित बाल संजालका बैठकहरु संचालन भएको, बालमैत्री स्थानीय शासनका ५१ सूचक मापन कार्यक्रम, शिक्षित अभिभावक उज्यालो बाल भविश्य कार्यक्रम र विभिन्न विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गरिएको छ ।

ढ) यस नगरपालिकाको चालु आर्थिक बर्षको दहत्तर बहत्तरबाट रु. ३ करोड प्राप्त गर्ने लक्ष्य राखिएकोमा १,२६,४४,३०६/- र आन्तरिक आम्दानी तर्फ २ करोड अनुमान गरिएकोमा १,०४,६७,९१६/- गरी राजस्व असुली ४६.२२% रहेको छ ।

ण) भीरकोट कृषि तथा पशु विकास परियोजना अन्तर्गत कृषकहरुलाई तरबुजा उत्पादनमा सहयोग, समूहमा बाख्राको पाठी वितरण र सहलगानीमा बाख्राको खोर निर्माण एवं उन्नत जातका गाई वितरण गर्ने कार्य

सम्पन्न भएको छ । साथै यस परियोजनाबाट व्यवसायिक अकबरे खुर्सानी उत्पादनमा वडा नं. ३, ७, ८ र ९ का युवा कृषकको तदारुकताले हामीलाई थप हौसला मिलेको छ ।

**<u>नगर सभा सदस्यज्यूहरु,</u>**

- स्थानीय तह सदस्य निर्वाचन, २०७९ मार्फत निर्वाचित गराई आजसम्म हामीलाई नगरपालिकाको विकास सुशासन तथा समृद्धि कायम गर्न अनवरत सहयोग गर्नुहुने समस्त नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दै नागरिकको सेवा गर्ने गरिमामय जिम्मेवारी प्राप्त भएकोमा यस कार्यमा संग्लन सम्पुर्ण राजनैतिक दल, कर्मचारी, बुद्धिजीवी, सुरक्षाकर्मी, नागरिक समाज, निजी क्षेत्र,टोल विकास तथा सम्पुर्ण सामाजिक संघ संस्था लगायत समस्त शुभचिन्तक जनहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।
- संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको स्थापना,रक्षा एवम् मुलुकको सर्वाङ्गीण विकास,समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, जन-आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शहीद तथा वेपत्ता परिवार, योद्धा तथा घाईतेप्रति उच्च सम्मान व्यक्त गर्दै शहीदहरुको सपना पूरा गर्न भीरकोट नगरपालिकाको सुशासन, विकास र सेवा प्रवाहलाई थप प्रभावकारी,जनमैत्री र जनअपेक्षित बनाउन हाम्रो तर्फबाट कुनै कसर बाँकी नराखी अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।
- नेपाल सरकारको १६ औं आवधिक योजना, संघीय र प्रादेशिक सरकारको आगामी बर्षका लागि प्रस्तुत नीति तथा कार्यक्रम, विगतका वर्षमा नगरपालिकाले अंगीकार गरेका नागरिकको बृहत्तर हितका नीतिगत विषयहरुको समीक्षाबाट प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल अनुभव, नागरिकको वस्तीस्तरबाट प्राप्त भएका सुझाव,अपेक्षा एवम् आवश्यकता तथा नगरपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना समेतमा आधारित भै आगामी आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**<u>नगर सभा सदस्यज्यूहरु,</u>**

अब म "**सम्वृद्ध भीरकोटको आधारः कृषि पर्यटन आधीखोलाको उपहार**" भन्ने मूल नारालाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. जनताद्वारा निर्वाचित भई पदभार ग्रहण गरे देखि आज सम्मको ४ बर्षको अवधिमा गरेका कार्यहरुको समग्रता झल्कने गरी श्वेतपत्र जारी गरिनेछ जसमा यस अवधिका विकास निर्माण,

सेवाप्रवाह, सुशासन प्रबर्द्धनका क्षेत्रमा भए गरेका उपलब्धि समेटिनेछ साथै हालसम्म नगरपालिकाबाट प्रदान गरेका तालिम तथा क्षमता विकास कार्यक्रम र सहभागिको लगत Inventory तयार गरिनेछ । जसबाट आगामी वर्षदेखि तालिमको पहुँच नपुगेका व्यक्तिलाई उच्च प्राथमिकता प्रदान गर्दै तालिममा दोहोरोपना नआउनेगरी "एक व्यक्ति एक तालिम" कार्यक्रम मार्फत सीप अभिवृद्धि गरिने छ । तालिम तथा क्षमता विकास कार्यक्रम संचालनको मापदण्ड तयार गरिनेछ साथै प्रशिक्षक सुचिकृत गरी नगरपालिका तथा वडास्तरीय कार्यक्रम संचालन गरिनेछ ।

**विषयक्षेत्र : सार्वजनिक व्यवस्थापन, संस्थागत विकास र सुशासन**

२. नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाई थप जनमैत्री, अनुमानयोग्य र प्रभावकारी बनाउन नगरपालिकाको प्रमुख प्रशासकीय भवन तथा वडा कार्यालयलाई अझ व्यवस्थित र सेवाग्राही मैत्री बनाइनेछ ।

३. नगरपालिका र मातहतका वडा कार्यालय,सेवा केन्द्र र ईकाइहरुमा सेवाको प्रकार,सो वापतको दस्तुर, विधि र प्रक्रिया खुलेको नागरिक वडापत्र (Digital Citizen Charter) को व्यवस्थाको परिमार्जन गर्दै नागरिकको गुनासो उचित तवरले सुनुवाई गर्ने गरी थप प्रबन्ध गरिने छ ।

४. नगरपालिकाभित्र सार्वजनिक यातायातलाई थप व्यवस्थित गराउदै नागरिकलाई सर्वसुलभ,सुपथ र भरपर्दो तवरले आवातजावत गर्ने गरी स्थानीय यातायातको संचालन र व्यवस्थापनका लागि अटो तथा अन्य यातायात व्यवसायीलाई नियमन तथा उचित व्यवस्थापन गरिनेछ ।

५. नगरपालिकाको डिजिटल प्रोफाइल तथा आवधिक योजनासँग विकास तथा सेवाप्रवाहलाई आवद्ध गर्दै नागरिकलाई प्रदान गरिने सेवालाई छिटो,छरितो तथा प्रभावकारी बनाईनेछ ।

६. नगरपालिकाको शान्ति सुरक्षा तथा अमनचैन कायम गर्न नगर तथा वडाका मुख्य मुख्य स्थान तथा बयरघारी बजारक्षेत्र लगायत सिद्धार्थ राजमार्गको संवेदनशील क्षेत्रहरुमा सिसिटिभिको व्यवस्थापन गरिनेछ ।

७. कर्मचारीहरुलाई क्षमता,अनुभव र कार्यसम्पादनका आधारमा उपयुक्त जिम्मेवारी प्रदान गर्ने (Right Employee at Right Place in Right Time) को नीति अवलम्वन गरिनेछ । यसका लागि दण्ड र पुरस्कार प्रणाली,कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ । कर्मचारीहरुको क्षमता विकास मार्फत समग्र स्थानीय शासनको प्रभावकारिता अभिवृद्धि गर्दै नगरपालिकालाई सुशासनको केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

८. कर्मचारीहरुको उत्प्रेरणा र मनोवल उच्च राख्दै समग्र नगरपालिकाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्प्रेरणा र मनोवलका मौद्रिक र गैर मौद्रिक प्रोत्साहनका उपकरणहरु उपयोग गरिनेछ। साथै कम्तीमा नेपाल सरकारले तोकेको न्युनतम ज्यालादरबराबरको पारिश्रमिक उपलब्ध गराउदै करारका कर्मचारीको सेवाको सुरक्षाका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराईनेछ ।

९. नगरपालिका र अन्तरगतका वडा एवं सेवाकेन्द्रबाट प्रदान गरिने विकास र सेवा प्रवाहमा भ्रष्टाचारमा शून्य शहनशीलता(Zero Tolerance Towards Corruption) को नीति लिइनेछ । वित्तीय सुशासन र सार्वजनिक उत्तरदायित्व अभिवृद्धिका लागि आवश्यक विधि र उपकरण परिचालन गर्दै वेरुजु घटाउदै लगेर शून्य वेरुजु कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

१०. नगरका गतिविधि र नागरिकका चासो एवं सरोकारका विषयहरुमा अन्तक्रिया मार्फत सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई तथा नगरपालिकामा प्रत्येक चौमासिक अवधिमा समीक्षा कार्यक्रम संचालन गरिनेछ ।

११. नगरपालिका र अन्तरगतका वडा कार्यालय र सेवा केन्द्रहरुबाट हुने खरिद कार्यलाई अनुमानयोग्य, मितव्ययी र औचित्यपूर्ण बनाउन खरिद गुरुयोजना निर्माण गर्ने,e-bidding को प्रणाली अवलम्वन गर्ने तथा खरिद भएका मालसामान र सामाग्रीहरुको अनिवार्य रुपमा PAMS Software प्रयोग र अभिलेखीकरणलाई अनिवार्य गरिनेछ ।

१२. सूचनाको हक सम्बन्धी व्यवस्थालाई अनुभुत हुने गरी कार्यान्वियन गर्दै पारदर्शी र खुला सरकारको अवधारणालाई कार्यान्वयनमा ल्याइने छ ।

१३. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आन्तरिक नियन्त्रण सम्बन्धी तालिम र क्षमता विकासका साथै स्वदेशी तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१४. न्यायिक समितको क्षमता र प्रभावकारीता अभिवृद्धि गर्दै न्यायमा सबैको सरल र सहज पहुच सुनिश्चित गर्दै लगिनेछ ।

१५. नगरपालिकाको समग्र सेवाप्रवाहमा विधिको शासन र पारदर्शिता कायम गर्दै सार्वजनिक सेवाका आधारभूत मूल्यमान्यता र सिद्धान्तहरुको पूर्ण अवलम्वन गरिनेछ ।

१६. नागरिकहरुका आधारभूत आवश्यकताका सेवा प्रवाहका क्षेत्रहरु टेलिफोन सेवा,विद्युतीकरण, इन्टरनेट, केवल टि.भी. सेवा लगायतका सेवा प्रवाहमा संलग्न हुने नगरपालिका बाहिरका

सार्वजनिक तथा निजी सेवाप्रदायक  निकायहरुसँग प्रभावकारी समन्वय गरि सेवामा सहज पहुँच स्थापना,विस्तार र गुणस्तर अभिवृद्धिमा पहल कदमी लिइनेछ ।

१७. नगरपालिकाका विषयगत शाखाबाट सञ्चालन हुने सबै कार्यक्रमहरू अनुगमन समितिको अनुगमन र सिफारिसको आधारमा कार्यान्वयन गरिनेछ ।साथै वडागत कार्यक्रम तथा नगरका सम्पुर्ण कार्यक्रमको कार्यान्वयन,अनुगमन तथा निरीक्षण र भुक्तानी सिफारिसमा सम्बन्धित शाखालाई जिम्मेवार बनाउदै जवाफदेहितमा प्रबर्द्धन गरिनेछ ।

## वित्तीय सुशासन तथा आन्तरिक नियन्त्रण

१८. नगरपालिकाबाट भए गरेका खर्च तथा वित्तीय कारोबारको पारदर्शिता र जवाफदेहितालाई निरन्तरता कायम गर्दै वेवसाइट मार्फत सबैको पहुँच पुग्ने गरी सार्वजनिक गरिनेछ ।

१९. भुक्तानी प्रणालीलाई थप प्रभावकारी बनाउँदै वित्तीय सुशासन कायम गरी faceless सेवा प्रवाह गरिनेछ ।

२०. नगरपालिकामा तिर्नुपर्ने नियमित कर तथा राजस्वलाई घरबाटै भुक्तानी गर्ने प्रविधिको व्यवस्था गरिनेछ ।

२१. अन्तिम लेखापरिक्षणको क्रममा औंल्याइएका सुझाव कार्यान्वयन गर्दै कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई थप बस्तुनिष्ट बनाइनेछ ।

## विषयक्षेत्र : पूर्वाधार विकास

२२. नगरपालिकाको पूर्वाधार विकासमा अन्तरतह तथा अन्तरनिकाय समन्वय कायम गरिनेछ, पूर्वाधार विकासमा रहेको दोहोरोपना हटाई भौगोलिक सन्तुलन कायम गर्दै नगर र ग्रामीण क्षेत्रमा पूर्वाधार विकासका क्रियाकलाप संचालन गरिनेछ ।

२३. आगामी आर्थिक वर्षदेखि योजना नखुलेको अबण्डा रकम नराखिने नीति लिइने छ । साथै निर्धारित मिति पछाडी योजना सम्झौता नगर्ने साथै योजनाको दायित्व अर्को वर्षमा सार्ने प्रबृत्तिलाई पूर्णत निरुत्साहित गरिनेछ ।

२४. स्थानीय स्रोतको भरपुर उपयोग गरि मुख्य सडक भनी पहिचान भएको सडकलाई क्रमशः ढलान र पक्की  तथा स्तरोन्नति गर्दै जाने नीतिलाई निरन्तरता  दिईनेछ ।  साथै आ.व २०८३/०८४ मा नगरका मुख्य सडकहरु संघ तथा प्रदेश सरकारसँग सहकार्य तथा सहलगानीमार्फत  पक्की सडकको रुपमा क्रमशः स्तरोन्नती गर्दै लगिनेछ ।

२५. विकास कार्यक्रम तथा आयोजनाको अनुगमन र मुल्याकंनलाई आधुनिक प्रविधिमैत्री बनाउदै गुणस्तर सुनिश्चतताका लागि सम्बन्धित योजनाको भुक्तानीपुर्व ल्याब परीक्षण अनिवार्य गरिनेछ ।

२६. खानेपानी : भीरकोट नगरपालिका भित्र हालसम्म करिब ९५% घरधुरीमा पाइप मार्फत वितरित खानेपानीको पहुँच पुगिसकेको छ भने आगामी वर्षमा खानेपानीको पहुँचलाई शतप्रतिशत घरधुरीमा पुऱ्याउने लक्ष्यलाई निरन्तरता दिदै गुणस्तरीय खानेपानी उपलब्धतामा जोड दिईनेछ ।

२७. भीरकोट नगरपालिकाभित्र पर्ने सामुदायिक वनसँग सहकार्यमा पानीका सम्पूर्ण श्रोतहरु पहिचान गरि मुहान संरक्षण कार्यलाई प्राथमिकता प्रदान गरिनेछ । वातावरण संरक्षणको लागि पुराना पोखरीको संरक्षण, नयाँ पोखरी निर्माण र वृक्षारोपण कार्य गरिने छ ।

२८. खानेपानीको दिगो सुनिश्चितताका लागि नगरस्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति गठन गरी बृहत खानेपानी परियोजना पहिचान गर्दै संघ , प्रदेश, नगरपालिका एवम् नगर विकास कोष तथा अन्य दातृ निकायसँगको अनुदान र सहलगानीमा योजना संचालन गर्ने नीतिलाई निरन्तरता दिईएको छ । नगरपालिका भित्र क्रियाशील साविकमा जिल्ला विकास समितिमा दर्ता भएका खानेपानी उपभोक्ता समिति/जलस्रोत समितिलाई सक्रिय बनाई सबैलाई बैधानिक तरिकाले संचालन, व्यवस्थापन र नियमनको प्रबन्ध गरिनेछ ।

२९. भवनः विभिन्न सामुदाय, टोल विकास संस्था, युवा क्लब तथा अन्य संघ संस्थाबाट भवन निर्माणका लागि अत्याधिक माग भै आएको तथा निर्माण भएका भवनहरुको पूर्ण उपयोगिता सुनिश्चित गर्न थप समुदायिक भवन निर्माणलाई निरुत्साहित गर्दै निर्मित भवनहरुको बहुउपयोगितालाई प्राथमिकतामा राख्ने नीतिलाई निरन्तरता दिईएको छ । साथै आफ्नै जग्गाधनी प्रमाण पूर्जा भएका संघ संस्थाहरूलाई भवन निर्माणको लागि बजेट व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिनेछ ।

३०. सालबसाली रुपमा संचालित योजनाको आकस्मिक मर्मत सम्भार, अधुरो योजना संचालन, नागरिकको माग र आवश्यकता बमोजिमका तत्कालिन आवश्यकता, विपद् तथा प्रकोपजन्य आवश्यकता संवोधन गर्ने गरी नागरिकसँग नगर प्रमुख कार्यक्रम मार्फत संवोधन गरिनेछ ।

३१. नगरपालिकाका सबै क्षेत्रमा एम्वुलेन्स सेवा, विद्यार्थीलाई विद्यालय आवातजावत गर्न, कृषि उत्पादन तथा दुग्ध उत्पादन ढुवानीलाई थप सहज बनाउन बाह्रै महिना संचालन हुने सडक (All Weather Roads) निर्माण गर्ने नीतिलाई थप व्यवस्थित गरिनेछ ।

३२. सिंचाईः कृषि पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखी कुलो निर्माण तथा मर्मत , बाँध निर्माण, सिचाईका लागि पाईप खरिद कार्य समेतलाई निरन्तरता दिईनेछ ।सम्बन्धित नागरिकको माग, प्राविधिकको लागत अनुमान, सम्बन्धित वडाको सिफारिसको आधारमा आवश्यकता र औचित्यता हेरेर मात्र सिंचाईको लागि पाइप तथा रकम उपलब्ध गराइने छ ।

३३. भू-उपयोग तथा बस्ती विकासः भू-उपयोग ऐन तथा नियमावली अनुसार नगरपालिकाको भू-वर्गीकरण गर्ने कार्यलाई बैज्ञानिक, बस्तुनिष्ट तथा बास्तविक बनाउनका लागि भीरकोट नगरपालिकाको भु-वर्गीकरण गरिनेछ । भू-वर्गिकरण अनुसार भू-उपयोग नीति कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासको लागि राष्ट्रिय भवन संहिता कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

३४. समग्र भीरकोट नगरपालिकाको क्षेत्रलाई सडकको संजालमा आवद्ध गरि आर्थिक,सामाजिक गतिविधीलाई टेवा पुऱ्याउन चक्रपथको विकासलाई संघ र प्रदेशसँग समन्वय गरी कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

३५. नगरपालिकाभर सार्वजनिक तथा खुला क्षेत्र पहिचान एवं संरक्षण, बाल उद्यान, ब्यायम स्थल, कबर्ड हल, खेल मैदान तथा पार्क निर्माण एवं मर्मत सम्भार कार्यलाई निरन्तरता दिईनेछ ।

३६. बजार क्षेत्र भित्रका मुख्य सडक तथा शाखा सडकको संकेत तयार गरि कार्यान्वयन गरिनेछ ।

३७. राष्ट्रिय राजमार्गको रुपमा रहेको सिद्धार्थ राजमार्ग विस्तारको कार्यलाई सम्बन्धित निकायमा अर्थपूर्ण पहल र समन्वय गरिने छ। साथै सडक स्तरोन्नतिका क्रममा प्रमाणित हुने सडक, ढल व्यवस्थापन तथा खानेपानीका योजनाहरूको क्षतिपूर्ति र निर्माणको लागि समेत आवश्यक समन्वय गरिनेछ ।

३८. पूर्वाधार विकासलाई व्यवस्थित गर्न वडाहरुबाट प्राप्त योजना सहित नगरपालिकाको सम्भावित बृहत र रुपान्तरणकारी योजनाहरु समेटि तयार भएको भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजनालाई नीति तथा कार्यक्रम र कार्यक्रमलाई बजेटसँग आबद्ध गरिनेछ ।

३९. नगरपालिकाको केन्द्रलाई प्रत्येक वडा कार्यालयसम्म र वडाका केन्द्रलाई प्रत्येक टोल र वस्तीसम्म जोड्ने तथा नगरपालिका भित्रका विद्यालयहरु, स्वास्थ्य केन्द्र र व्यापारिक केन्द्र समेतलाई सडक संजालसँग आवद्धगर्दै नगरवासीहरुको दैनिक जनजीवनलाई थप सहज बनाउने गरि पूर्वाधार निर्माणलाई निरन्तरता दिईनेछ ।

४०. संघ सरकार, प्रदेश सरकार तथा निजी क्षेत्रसँगको साझेदारीमा शहरी पूर्वाधारका संरचना निर्माणको कार्यलाई थप प्रभावकारी बनाउन पहल तथा समन्वय गरिनेछ ।

## विषयक्षेत्र : वातावरण तथा विपद् व्यवस्थापन एवं सरसफाई

४१. स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय वनाउदै नगरपालिका भित्रको विपद् प्रतिकार्य योजना निर्माण गरिने छ । साथै विपद् नक्साकंन गरी विपद् व्यवस्थापन कोषको प्रभावकारी रुपमा परिचालन गरिने छ ।

४२. गर्मीयाममा बन जंगलमा लाग्ने डढेलोबाट हुने क्षतिलाई न्युनीकरण गर्न वन क्षेत्रमा अग्नी रेखा कोर्नुको साथै विविध सचेतना कार्यक्रम संचालन गरिनेछ ।

४३. नगरपालिकामा भएका पानीका मुल,मुहानको संरक्षणका लागि वडामा सामुदायिक वन तथा गैरसरकारी संस्थासँगको सहकार्यमा रिचार्ज पोखरी निर्माण गरिनेछ । हाल भएका पोखरी संरक्षण,सार्वजनिक चौताराहरुको निर्माण र संरक्षणका साथै सार्वजनिक क्षेत्रहरुमा वृक्षारोपणको क्षेत्र विस्तार गर्दै पर्यावरणमैत्री नगरपालिका निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

४४. संघ र प्रदेश सरकार समेतको सहलगानी,समन्वय र सहकार्यमा आँधीखोलाको तटबन्धन तथा खेतीयोग्य जमिनको संरक्षण कार्यलाई निरन्तरता दिईनेछ ।

४५. "स्वच्छ घरआँगन, सफा टोल, नगर, हाम्रो अभियान" भन्ने नाराका साथ घरबाट निस्कने कुहिने नकुहिने फोहरमैलाको वर्गीकरण गरी फोहर व्यवस्थापनको कार्यलाई थप व्यवस्थित बनाउदै फोहोरमैला व्यवस्थापनमा अन्य संघ संस्थासँग सहकार्य गरिने छ ।

## विषय क्षेत्र : सामाजिक विकास

### उपक्षेत्रः शिक्षा

४६. शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवम् संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई पहुँच योग्य, जीवनोपयोगी ,प्रतिष्पर्धी एवम्

गुणस्तरीय बनाउन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । शैक्षिक सुधारको ५ वर्षे रणनीति तथा कार्ययोजना तयार गरी आगामी आर्थिक वर्षलाई शैक्षिक गुणस्तर सुधारको आधार वर्षको रूपमा लिई सोहि बमोजिम कार्यक्रम संचालन गरिनेछ ।

४७. शैक्षिक तथ्याङ्कलाई विश्वसनीय र भरपर्दो बनाउन IEMIS अद्यावधिक गर्ने कार्यलाई थप प्रभावकारी बनाई विद्यालयलाई थप प्राविधिक क्षमता विकासको अवसर सृजना गर्दै उक्त तथ्याङ्कलाई नगरपालिकाको शैक्षिक तथा व्यवस्थापकीय योजना निर्माण र प्रशासनीक कार्यमा समुचित उपयोग गरिनेछ ।

४८. कक्षा ८, १० र १२ कक्षाको बार्षिक परिक्षामा उच्चतम GPA प्राप्त गर्ने विद्यार्थी तथा उच्च सिकाई उपलब्धी हासिल गर्ने शिक्षकलाई प्रोत्साहन र पुरस्कृत गरिनेछ ।

४९. अनिवार्य र निःशुल्क आधारभूत तहको शिक्षालाई गुणस्तर सुधारमा समेत केन्द्रित गरी आगामी आर्थिक वर्ष २०८३/०८४ देखि सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम मार्फत विद्यालय व्यवस्थापन खर्च, शैक्षिक सामग्री, विद्यार्थी मूल्याङ्कन लगायतका विषयमा आवश्यक स्रोतको प्रबन्ध गरिनेछ ।

५०. विद्यार्थी भर्ना अभियानलाई विद्यालय र समुदाय केन्द्रित गरी अभिभावक विहीन, अपाङ्गता भएका, कठिन परिस्थितिमा रहेका तथा आर्थिक रूपले विपन्न वर्गका बालबालिकाको विद्यालय भर्ना सुनिश्चित गरी सबै बालबालिकाको सिकाइ निरन्तरताका लागि समयमै पाठ्यपुस्तक, छात्रवृत्ति तथा आवासीय सुविधा लगायतका आवश्यक सहुलियत उपलब्ध गराइनेछ,

५१. आधारभूत तह (बाल विकास देखि कक्षा ८ सम्म)को शिक्षामा विद्यार्थी भर्ना, मासिक शिक्षण शुल्क, परीक्षा र पाठ्यपुस्तक बापतको शुल्क नलाग्ने गरी निःशुल्क गरिनेछ,

५२. बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्रका परिचालिकहरूलाई नगरपालिकाबाट उपलब्ध गराउँदै आएको न्यूनतम पारिश्रमिक बापतको थप अनुदानलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ,

५३. नयाँ विद्यालय खोल्ने कार्यलाई निरुत्साहसित गरी विद्यालय नक्शाङ्कनका आधारमा मात्र अनुमति प्रदान गर्ने र विद्यार्थी सङ्ख्या, सञ्चालित कक्षा, विद्यालय पुग्न लाग्ने समय तथा भौगोलिक अवस्थितिका आधारमा मापदण्ड बनाई विद्यालयहरूको समायोजन व्यवस्थापन तथा शिक्षक दरबन्दी मिलान र पुन वितरण गरी शैक्षिक स्रोत र साधनको उचित उपयोगको प्रबन्ध गरिनेछ,

५४. विद्यालयहरूको भौतिक सर्वेक्षणका आधारमा सुविधा विकास र विस्तारमा प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरिनेछ र मर्मत, सम्भार, रङ रोगन तथा फर्निचर व्यवस्थापनका लागि सम्बन्धित वडा कार्यालयहरूलाई जिम्मेवार बनाइनेछ,

५५. सामुदायिक सिकाइ केन्द्रहरूलाई विद्यालय शिक्षाको गुणस्तर सुधार कार्यक्रममा सहयोगी संस्थाको रूपमा क्रियाशील बनाइनेछ ।

५६. बालविकास केन्द्रदेखि कक्षा ६ सम्मका बालबालिकाहरूको लागि सञ्चालन हुने दिवा खाजामा स्थानीय कृषि उपज र उद्यमबाट उत्पादन हुने सामग्री प्रयोग हुने व्यवस्था मिलाइनेछ ।

५७. महिनावारी चक्रमा प्रवेश गरेका विशेष गरी कक्षा ६ देखि कक्षा १२ सम्मका किशोरीहरूले प्रयोग गर्ने स्यानिटरी प्याडलाई समयमै गुणस्तरीय र सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

५८. माध्यमिक तहका विद्यालयहरूको विषयगत शिक्षकको अभावलाई तल्लो तहको शिक्षक पदमा नियुक्त भई माथिल्लो तहको शिक्षकको लागि आवश्यक पर्ने योग्यता हासिल गरेका शिक्षकहरूलाई स्थानान्तरण तथा पदस्थापन गरी पूरा गरिनेछ ।

५९. निजी लगानीका विद्यालयहरूले बालविकास केन्द्र देखि कक्षा १२ सम्मका विद्यार्थीहरूका लागि तोकिए बमोजिम निःशुल्क शिक्षा प्रदान गर्नका लागि नेपाल सरकारले तोके बमोजिमको आरक्षण कोटा उपलब्ध गराउने व्यवस्था कडाइका साथ लागू गरिनेछ, संस्थागत विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार, विद्यार्थी सेवा सुविधा, शिक्षक कर्मचारीको व्यवस्था, विधान र विनियम तथा प्रचलित कानुन बमोजिम भए नभएको नियमित अनुगमन गरी नियमन गरिनेछ ।

६०. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि प्रारम्भिक बालविकास र शिक्षादेखि कक्षा १२ सम्मका सबै तहका विद्यालयहरूमा भौतिक तथा शैक्षिक पूर्वाधार, शिक्षक, सिकाइ सामग्री तथा प्रविधिको पहुँच अभिवृद्धि गर्दै सरकारी प्रकाशनको पाठ्यपुस्तक, एकै खालको प्रश्नपत्र, एउटै तालिकाबाट परीक्षा, फरक विद्यालयका शिक्षकबाट उत्तरपुस्तिका परीक्षण समेतको व्यवस्था गरी विद्यार्थीको सिकाइ प्रति सम्बन्धित शिक्षकलाई जिम्मेवार बनाइनेछ ।

६१. विद्यार्थीको सिकाइ उपलब्धिको सूचकको आधारमा शिक्षकलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ भने प्रत्येक विद्यालयले आफ्नो स्थापना दिवस, अभिभावक दिवस वा वार्षिक उत्सवका पर्वहरूमा प्रत्येक शिक्षकको कक्षागत र विषयगत रूपमा सिकाइ उपलब्धि सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

६२. विद्यालयमा कुनै पनि प्रकारको अशान्ति, हस्तक्षेप तथा बालबालिका माथि हिंसा, दुर्व्यवहार, भेदभाव तथा अपहेलना हुन नदिई बालबालिकामैत्री, दलितमैत्री, अपाङ्गमैत्री वातावरण निर्माण गरी समावेशी शिक्षामा जोड दिइनेछ, बालबालिकाहरूमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन तथा विकास गरी सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउन हरेक शुक्रवारलाई अतिरिक्त क्रियाकलाप तथा खेलकुद दिवसका रूपमा मनाइ उमेर, तह र विषय अनुसारका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

६३. आधारभूत तह (कक्षा १-८) मा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम हाम्रो भीरकोट विषयको पठनपाठनलाई निरन्तरता दिई यस वर्ष पाठ्यक्रममा आवश्यक परिमार्जन सहित शिक्षण सहयोगी सामग्री तयार गरिनेछ ।

६४. सामुदायिक विद्यालयको व्यवस्थापन तथा गुणस्तर सुधारमा प्रधानाध्यापकको कुशल नेतृत्वले अहम् भूमिका खेल्ने भएको हुँदा आगामी आर्थिक वर्षमा स्पष्ट कार्यविधि र मापदण्डका आधारमा प्रधानाध्यापक नियुक्त प्रक्रियाको सुरुवात गरिनेछ भने प्रधानाध्यापकको नेतृत्व विकासका साथै विषयगत शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. विद्यालय अनुगमन प्रणालीलाई अझ व्यवस्थित गरी नगर शिक्षा समिति, वडा शिक्षा समितिबाट समेत विद्यालयको नियमित अनुगमन गरिनेछ । साथै विषयगत शिक्षक समूहका विज्ञ रोष्टर र शिक्षा शाखाबाट विद्यालयमा शिक्षण सिकाइको सुपरीवेक्षण, कक्षा अवलोकन र नमुना कक्षा सञ्चालनका कार्यक्रम सञ्चालन गरिनेछ ।

६६. विद्यालयको समग्र व्यवस्थापन पक्षको सुधार, पारदर्शिता र सुशासन कायम गरी शैक्षिक गुणस्तर सुधारमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावकसँगको भूमिकामा स्पष्ट गरी विद्यालय प्रति उत्तरदायी बनाउन सामुदायिक विद्यालय व्यवस्थापन समितिसँगको सहकार्य र समन्वयमा सम्बन्धित पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय सेवा क्षेत्रमा हाल देखिएको दोहोरोपनलाई सरोकारवालाहरूसँगको छलफल र अन्तरक्रियाबाट समाधान गरिनेछ ।

६७. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूको कार्यसम्पादनको प्रगतिको सूचक तयार गरी उत्तम, मध्यम र न्यून गरी ३ वटा वर्गमा वर्गीकरण गरिनेछ र सो का आधारमा प्रोत्साहन पुरस्कार उपलब्ध गराउनुका साथै सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६८. विद्यालय शिक्षाको बालबालिकाको पहुँच विस्तार, सिकाइमा नियमितता तथा गुणस्तर अभिवृद्धिका लागि अन्य सरकारी, गैर सरकारी तथा सामाजिक संघ संस्थाहरूसँग सहकार्य र समन्वय गरिनेछ ।

६९. भीरकोट नगरपालिका भित्र अध्ययन तथा अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरू (Researchers/Students) का लागि विषयको महत्त्व र सान्दर्भिकताका आधारमा निश्चित मापदण्डमा परेका शोधपत्र तथा अनुसन्धान कार्यका लागि रकम उपलब्ध गराइनेछ ।

## युवा तथा खेलकुद

७०. खेलकुद क्षेत्रको विकास र विस्तार गर्न अन्य सरकारी ,गैर सरकारी एवम् निजी क्षेत्रका खेलकुद संस्था बीच समन्वय ,सहकार्य एवम् साझेदारीको वातावरण सृजना गरी खेलकुदलाई जनजीवनको अभिन्न अङ्ग बनाउन ,शारीरिक, मानसिक र नैतिक क्षमतायुक्त मानव संशाधनको विकास गरी खेदकुदलाई रोजगारीमूलक व्यवसायको रुपमा स्थापित गर्न, अनुशासित र मर्यादित समाज निर्माण तथा "सबैको लागि खेलकुद भन्ने अभियान सफलिभूत बनाउने योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । आगामी वर्षमा नगरस्तरीय खेलकूद कार्यक्रम तथा रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

७१. वडा स्तरीय खेलकुद विकास समिति र नगर स्तरीय खेलकुद विकास समितिलाई सक्रिय बनाइनेछ ।

७२. वडा स्तरीय खेलकुद विकास समिति मार्फत प्रत्येक वडामा कम्तीमा एक खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।

७३. विद्यालय तहको खेलकुद प्रतिभाको पहिचान र प्रवर्द्धनका लागि नगर स्तरीय फुटबल, भलिबल, व्याडमिन्टन, राष्ट्रपति रनिङ शिल्ड लगायत प्रतियोगिता सञ्चालन गरिनेछ भने जिल्ला स्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता यस नगरपालिकामा सञ्चालन गर्न जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन समितिसँग समन्वय गरिनेछ ।

७४. विभिन्न विधाका खेलकुद क्षेत्रको विकासका लागि विभिन्न युवा क्लब, विभिन्न खेल संघ, नेपाल प्रहरी, नेपाली सेना, जिल्ला खेलकुद विकास समिति तथा अन्य निकायहरूसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

७५. खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने नगर क्षेत्र भित्रका खेलाडी, प्रशिक्षक, खेलकर्मी तथा खेलकुदसँग सम्बन्धित व्यक्तित्वहरूलाई सम्मान तथा प्रोत्साहित गरिनेछ ।

७६. विद्यालय तहको खेलकुद कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन विद्यालयहरूलाई प्रोत्साहित गर्दै लगिनेछ ।

**विषय उपक्षेत्र : स्वास्थ्य**

७७. गर्भवती तथा सुत्केरी आमाहरुको पोषण र स्वास्थ्यलाई मजबुद बनाउन "सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम" निरन्तरता दिइनेछ ।

७८. गुणस्तरीय स्वास्थ्यमा सबैको पहुँचका लागि गाउँघर क्लिनिक संचालन गरी नागरिकको घरदैलोमा स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिने तथा महिला स्वास्थ्य स्वयंमसेविका कार्यक्रमको निरन्तरता एवम् मेयरसँग ज्येष्ठ नागरिक कार्यक्रम टोलटोलमा स्वास्थ्यकर्मी खटाई स्वास्थ्य परामर्श एवम् निःशुल्क औषधी उपलब्ध गराईनेछ ।

७९. नागरिकको जनस्वास्थ्यसँग जोडिएको विषयलाई मध्यनजर गर्दै नगर अस्पतालको भवनमा प्रदेश सरकार र अन्य स्थानीय तहको समन्वयमा मृगौला पिडित बिरामीको लागि डायलासिस केन्द्र स्थापना र संचालन गरिनेछ ।

८०. नागरिकको दैनिक आहार, विहारका कारणले लाग्ने नसर्ने प्रकृतीका रोग नियन्त्रणका लागि प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

८१. भीरकोट अस्पतालबाट २४ सै घण्टा मेडिकल अधिकृतबाट स्वास्थ्य सेवा प्रदान गरिनुको साथै बालरोग विशेषज्ञबाट प्रदान गरिने सेवालाई निरन्तरता दिइनेछ ।

८२. भीरकोट नगरपालिका भित्र बसोबास गर्ने १६ बर्ष देखि ६० बर्ष मुनिका सम्पुर्ण महिलाहरुको लागि स्तन क्यान्सर पहिचानको लागि स्वास्थ्य परिक्षण तथा पाठेघरको मुखको क्यान्सर पहिचानको लागि VIA निःशुल्क परिक्षणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८३. आयुर्वेद उपचार सेवालाई नगरको सबै क्षेत्रमा पुऱ्याउनका लागि "नागरिक आरोग्य एवं उपचार सेवा" कार्यक्रम सञ्चालन गरिनेछ । साथै दीर्घ एवं नसर्ने रोगहरूको कारण नागरिकमा आर्थिक, सामाजिक तथा पारिवरिक जटिलता थपिदै गएको वर्तमान परिस्थितिलाई दृष्टिगत गर्दै नागरिक आरोग्य केन्द्रको स्थापना गरी नागरिकको आरोग्यतामा टेवा पुऱ्याइनेछ ।

८४. योग शिक्षालाई व्यापक बनाउन विद्यालय तह देखि समुदाय स्तरसम्म योग तथा ध्यान अभियान सञ्चालन गरिनेछ ।

८५. भीरकोट नगरपालिकामा पाइने रैथाने जडिबुटीहरुको पहिचान, संरक्षण र प्रवर्द्धन गर्दै सोको प्राकृतिक तथा होमियोप्याथिक चिकित्सक प्रणालीसँग आवद्ध गर्ने गरी सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**विषय उपक्षेत्र : सामाजिक विकास तथा समावेशीकरण**

८६. सामाजिक न्याय कायम गर्दै समतामूलक समाज स्थापना गर्न नगरपालिकाभित्रका लक्षित समूह, पिछडिएका वर्ग तथा क्षेत्रका व्यक्तिहरुको सशक्तिकरण, क्षमता विकास, सीप विकास तथा नेतृत्व विकास गरी सम्पुर्ण वर्गक्षेत्रको राज्यका निकाय र संरचनामा पहुँच, दक्षता, क्षमताको अभिवृद्धि गर्दै आर्थिक, सामाजिक, सास्कृतिक र राजनैतिक क्षेत्रमा बहुआयामिक विकासका कार्यहरु नागरिकसँग उपप्रमुख कार्यक्रम मार्फत संशोधन गरिनेछ ।

८७. महिलाः नगरपालिकाभित्र टोलस्तरमा महिला तथा किशोरीविरुद्ध हुने सबै प्रकारका घरेलु हिंसा तथा यौनजन्य दुर्व्यवहार न्यूनीकरणका लागि संजाल गठन गरी सबै प्रकारका विभेद र अन्याय र शोषणको अन्त गरिनेछ ।

८८. महिला सम्बन्धी सरोकारका विषयमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रुपमा नेपालले जनाएका प्रतिबद्धता तथा संवैधानिक र कानूनी अधिकारलाई प्रत्याभूति दिने गरि संघीय तथा प्रादेशिक कार्यालयसँग समन्वय र सहकार्यमार्फत लैंगिक समता र समानता तथा सशक्तिकरणका गतिविधि संचालन गरिनेछ ।

८९. आदिवासी जनजाति तथा अल्पसंख्यकः नगरपालिकामा रहेका आदिवासी तथा अल्पसंख्यक समुदायको राज्यका निकायमा पहुँच तथा प्रतिनिधित्व स्थापित गर्ने गरी सशक्तिकरण तथा क्षमता विकाससँगै उत्पादन र आय आर्जनसँग जोड्ने कार्यक्रम संचालन गरिनेछ ।

९०. लक्षित समुदायको परम्परागत सीप,क्षमता तथा ज्ञान एवम् संस्कृतिको अन्तरपुस्ता हस्तान्तरण गर्ने गरी तालिम तथा ज्ञान हस्तान्तरणको कार्यक्रम संचालन गरिनेछ साथै नगरस्तरीय लक्षित वर्ग सम्बन्धी सबै संजाललाई थप प्रभावकारी बनाई संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

९१. मुस्लिमः मुस्लिम समुदायमा संचालित मदर्सा शिक्षालाई थप प्रभावकारी रुपमा संचालन गर्दै मुस्लिम समुदायका विपन्न र आर्थिक, सामाजिक रूपले पछाडि परेका परिवारलाई छात्रवृत्ती उपलब्ध गराई सबै बालबालिकाहरुलाई शिक्षाको पहुँचमा पुर्याइनेछ ।

९२. भीरकोट नगरपालिकाभित्र रहेका मुस्लिम समुदायको हक हित संरक्षण,सशक्तिकरण तथा उन्नयनका लागि आयआर्जनका तथा कानूनी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

९३. ज्येष्ठ नागरिकः ज्येष्ठ नागरिकमा रहेको अनुभव ज्ञान र सीपलाई नगरपालिकाको हितमा उपयोग गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ । साथै ज्येष्ठ नागरिक आरोग्य सेवा संचालनमा प्राथमिकताका साथ वडाका स्वास्थ्यकर्मीलाई टोलटोलमा परिचालन गरिनेछ । नगरपालिकाबाट निर्माण गरिने पाटी पौवा, चौताराहरूलाई ज्येष्ठ नागरिक मैत्री बनाइनेछ ।

९४. उपेक्षित, उत्पीडित एवम् दलितः दलित बिपन्न समुदायको लागि परम्परागत सीप, पेशा, ज्ञान र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्दै परम्परागत पेशासँग सम्बन्धित व्यवसायमा उनीहरुलाई प्राथमिकता दिँदै आयआर्जन कार्यक्रम संचालन गरिनेछ ।

९५. भीरकोट नगरपालिकामा ठूलो जनसंख्यामा रहेका दलितहरुलाई राज्यका निकायहरुमा प्रशासनिक,राजनीतिक प्रतिनिधित्व अभिवृद्धि गराउन क्षमता विकास र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

९६. बालबालिका : बालबालिकाको बचावट,विकास,संरक्षण र सशक्तिकरणका सुनिश्चितताका लागि बालबालिकासँग सरोकार राख्ने संघ संस्था तथा सरोकारवालासँगको सहकार्यमा बालमैत्री नगर निरन्तरका लागि निर्देशिकाले तोकेका सूचक हासिल गर्ने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

९७. अपाङ्गताः अपाङ्गताका सरोकारका विषयमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रुपमा नेपालले जनाएका प्रतिबद्धता तथा संवैधानिक र कानूनी अधिकारलाई प्रत्याभूति दिने तवरले अपाङ्गता सम्बन्धी दिवसहरू विषेश कार्यक्रम संचालन गरी मनाइनेछ । साथै अपाङ्गता परिचयपत्रको अद्यावधिक गरी कार्यविधिले तोकेबमोजिमका व्यक्तिलाई अपाङ्ग परिचयपत्र उपलब्ध गराइनेछ ।

९८. आर्थिक एवम् शारीरिक विषमता कारणले नगरपालिकासम्म अपाङ्गता परिचयपत्र लिन आउन नसक्ने अपाङ्गता भएका व्यक्तिको प्रकृति हेरी घरघरमा पुगि डिजिटल प्रणाली मार्फत परिचयपत्र वितरण तथा अभिलेखीकरण कार्य गरिनेछ ।

९९. अपाङ्गता भएका व्यक्तिले सहज रुपमा उपयोग तथा उपभोग गर्न सक्ने गरी नगरपालिकाका सबै सार्वजनिक संरचनाहरू अपाङ्गमैत्री बनाउदै लगिनेछ ।

१००. संस्कृति प्रवर्द्धन (भाषा, कला संरक्षण): नगरपालिका भित्र अवलम्बन गरिने सबै धर्म, धार्मिक क्षेत्रहरू र भाषा, कला संरक्षण संस्कृतिको संरक्षण गर्दै मठ, मन्दिर, मस्जिद, चर्च, कोइवो, गुम्बाहरूको संरक्षण र प्रबर्द्धन गरिनेछ ।

१०१. सामाजिक सुरक्षा : नेपालको संविधानमा उलेखित अधिकारहरु सवै नागरिकलाई अनुभुत गराउनका लागि यस क्षेत्रमा रहेका मदजुर, सिमान्तकृत र न्यून आय भएका समुदाय र

व्यक्तिहरुको संरक्षण गरी समावेशी, लोकतन्त्र तथा न्यायको अनुभूति गरेको समाज निर्माणका लागि आवश्यक अन्य कार्यक्रमहरु संचालन गरिनेछ ।

१०२. नगरपालिका भित्र विभिन्न क्षेत्रमा कार्य गर्न इच्छुक गैरसरकारी संस्थाहरूलाई कार्यक्रमको औचित्यताको आधारमा नगरपालिकासँग अनुमति लिई योजना तथा कार्यक्रम सञ्चालनका लागि अनुमति दिइनेछ । यसरी कार्यक्रम सञ्चालन गर्न चाहने संस्थाहरूले वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गराई नगरपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

१०३. वैदेशिक रोजगार सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ । त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । यस नगरपालिकाका नागरिकलाई वैदेशिक रोजगारीमा उपयोगमा आउने प्रकृतिको सीपमूलक तालिम लिएर मात्र जानको लागि सहजीकरण गरिनेछ ।

**विषय क्षेत्रः आर्थिक विकास क्षेत्र**

**उपक्षेत्रः कृषि**

१०४. नगरपालिकाले संचालन गरेको भीरकोट पशु तथा कृषि विकास परियोजनालाई निरन्तरता दिदै भीरकोट नगरपालिकाको परम्परागत कृषि प्रणालीलाई व्यवसायिक, मूल्य श्रृंखलामा आधारित तथा आत्मनिर्भर बनाउने कार्यलाई थप व्यवस्थित गरिनेछ । यसका लागि चालु आर्थिक बर्षमा सफल प्रयोग भएको तरबुजा खेतीलाई लागत साझेदारी मोडलमा विकास गर्ने, अकबरे खुर्सानी कार्यक्रमलाई बजारसँग आवद्ध गर्ने साथै व्यवसायिक उन्नत जातको बाख्रापालन कार्यक्रमलाई थप व्यवस्थित गर्दै कृषकहरुको आयआर्जनमा टेवा पुऱ्याइनेछ ।

१०५. अनुदान वितरण प्रणालीलाई व्यवस्थित,सरल र प्रभावकारी बनाउन कृषक सूचीकरण कार्यक्रम सम्पन्न गरि परिचयपत्र वितरण प्रक्रिया शुरु गरिनेछ । साथै अनुदान वितरण कार्यलाई प्रत्यक्ष रूपमा उत्पादनसँग जोडिने छ ।

१०६. खाद्यान्नको आयातलाई प्रतिस्थापन गर्नको लागि सिंचित एवम् अन्य क्षेत्रमा बाली सघनतामा जोड दिदै कृषिको विविधीकरण व्यवसायिकरण र बजारिकरणमा जोड दिई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०७. वातावरणमैत्री कृषि कार्यक्रममा स्थानीय श्रोत साधन तथा सीपको अधिकतम उपयोग गरी प्राङ्गारिक उत्पादनलाई विस्तार गर्न प्राङ्गारिक उत्पादन क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ

साथै नगरपालिकाको स्वामित्वमा रहेको माटो परिक्षण प्रयोगशालालाई पूर्ण रुपमा संचालनमा ल्याई माटो सुहाउँदो फलफूल, खाद्यान्न तथा नगदेबाली लगाउन कृषकलाई उत्प्रेरित गरिनेछ ।

१०८. कृषि उपजहरूमा प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न तथा कृषकको लगानी सुनिश्चित गर्न कृषि ज्ञान केन्द्रसँग समन्वय गरी कृषि बीमा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१०९. कृषकको उत्पादनलाई क्षति पुऱ्याउने बाँदर, दुम्सी लगायतका जङ्गली जनावर नियन्त्रणका लागि आवास र कृषि क्षेत्र वरिपरिका ठुला प्रकृतिका रुखहरुका हाँगा कटान, बाँस लगायतका झाडि फाँड्ने कार्यलाई सम्बन्धित वन कार्यालयसँग समन्वय गरी अभियानका रुपमा संचालन गरिनेछ ।

११०. एक वडा एक उत्पादनलाई प्राथमिकतामा राख्दै जलवायु अनुकुलित (स्थानीय रैथाने ) जातहरूको संरक्षण तथा सम्वर्द्धन गर्दै जरेबाली, कोसेवाली तथा नगदे बालीहरूको उत्पादन तथा उत्पादकत्व बढाउन एकिकृत खाद्यतत्व व्यवस्थापन प्रणाली(IPNS) मार्फत माटो तथा मल परिक्षण प्रयोगशालासँग सहकार्यमा माटोको परिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

१११. नगरपालिका भित्र  रहेका कृषक समूहहरूको दर्ता नवीकरण तथा परिचालनको कार्यलाई थप प्रभावकारी बनाईनेछ,साथै किसान सूचिकरण पश्चात परिचयपत्र वितरण गरी त्यसको आधारमा अनुदानसँग आबद्धता गरिनेछ ।

११२. मौरीपकेट कार्यक्रमलाई थप प्रभावकारी बनाउन चरनक्षेत्रको अध्ययन/अवलोकन गरी मौरीपालन व्यवसाय विस्तारका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११३. आधुनिक कृषि प्रविधि विस्तारका लागि कृषि प्रसार तथा बालीनालीमा लाग्ने रोगकीरा नियन्त्रणका लागि बाली संरक्षणका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

११४. नगरपालिकाको मुख्य उत्पादनको रुपमा रहेको सुन्तला खेतीलाई थप व्यवसायिक र उत्पादनमुलक बनाउन प्रोत्साहनमुखी कार्यक्रम अवलम्बन गरिनेछ ।

११५. कफि खेती र अदुवा, बेसार जस्ता जरेवाली र प्रमुख कोसेवालीको उत्पादनका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

## उपक्षेत्रः पशु विकास

११६. उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन मार्फत दुग्ध उत्पादन वृद्धि गर्न दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम  सञ्चालनलाई निरन्तरता दिईनेछ ।

११७. पशुजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि निःशुल्क कृत्रिम गर्भाधान कार्यको सुरुवात गरिनेछ । साथै ग्रामीण भेगमा उन्नत राँगोसाँढे वितरण कार्यक्रम सञ्चालन गरी उन्नत नश्लका पशुको उत्पादन, बाख्रा पकेट क्षेत्र स्थापना तथा कुखुरा र बंगुरपालन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

११८. घाँसेबाली स्रोतकेन्द्र स्थापनामा जोड दिई कृषकहरुलाई बाह्रै महिना घाँस उत्पादनको लागि आवश्यकता अनुसार घाँसका बीउ बेर्नाको लागि स्थानीय श्रोत केन्द्र स्थापना गरिन्छ ।

११९. सम्बन्धित प्रादेशिक र संघीय कार्यालयहरुसँग समन्वय र सहकार्य गरी संक्रामक तथा महामारी रोग नियन्त्रण, पशु स्वास्थ्य परीक्षण तथा बाँझोपन निवारण शिविरहरु तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ

१२०. पशुपन्छी तथा मत्स्य फार्म प्रवर्द्धनका लागि निजी समुह, सहकारीबाट सञ्चालित फार्महरुलाई फार्म स्थापना तथा यान्त्रिकीकरणमा सहयोग गरिनेछ ।

## उपक्षेत्रः सहकारी, पर्यटन र उद्योग

१२१. नगरभित्र रहेका सहकारीहरूको अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी सूचना व्यवस्थापन प्रणाली (CoPoMIS)मा आवद्ध हुन बाँकी रहेका सबै सहकारीहरूलाई यस सम्बन्धी कार्यक्रम सञ्चालन गरी सो प्रणालीमा आवद्ध गराइनेछ । सबै सहकारीले आफ्नो प्रगति विवरण हरेक त्रैमासिक रुपमा राष्ट्रिय मान्यता प्राप्त स्थानीय पत्रिकामा प्रकाशन गर्न अनिवार्य गराइनेछ ।

१२२. सहकारीहरूलाई उद्देश्य अनुसार कृषि उत्पादनसँग जोडिनेछ साथै शेयर सदस्यहरूले उत्पादन गरेको कृषि उपजहरूको सहकारी मार्फत बिक्री बितरण गर्ने व्यवस्था मिलाउदै समान उद्देश्य भएका सहकारीहरूलाई मर्ज गर्नको लागि प्रोत्साहन गरिनेछ ।

१२३. भीरकोट नगरपालिकामा रहेका मुख्य पर्यटकीय क्षेत्रलाई संघीय र प्रदेश सरकारसँगको समन्वयमा पर्यटकीय स्थल पहिचान, संरक्षण,निर्माण तथा मर्मत सम्भार गरी प्रवर्द्धन गरिनेछ । साथै घरबास पर्यटन कार्यक्रमलाई सुदृढिकरण गरिनेछ ।

१२४. भीरकोट नगरपालिकाको मुख्य पर्यटकीय स्थलहरु छाङ्छाङ्दी, स्वरेक मैदान, गडहरेगुफा, खिलुङकालिका, भीरकोट कालिका, नारायणगिरी बाबा मन्दिर, जलदेवी मन्दिर, मुल्का बराह, कोखे झरना, स्वरेक भैरव कालिका, सुन्दरचौर बनस्पति सूचना केन्द्र, देउपुजे ढुंगा, गडहरेगुफा लगायतका धार्मिक एवं पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण एवं मर्मत सम्भारका लागि संघ र

प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै उक्त क्षेत्रहरुको व्यापक प्रचारप्रसार गरी स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटकलाई आकर्षित गरिनेछ ।